# बुद्धि विनोद

कविशिरोमणि लेखनाथ पौड्याल



# बुद्धिविनोद

## सप्तप्रश्नाऽऽत्मक बुद्धिविनोदको

# पहिला विनोद

कविशिरोमणि लेखनाथ पौड्याल

मञ्जरी

यस पुस्तकको विक्रीबाट प्राप्त हुने लेखकश्व **युवा लेखनवृत्ति पुरस्कार** कोषका लागि उपयोग गरिनेछ ।

**बुद्धिविनोद**

प्रकाशक : मञ्जरी पब्लिकेशन
पुतलीसडक, काठमाडौं ।

फोन नं. : ९८५११९४५५२

आवरण : राजन काफ्ले

लेआउट : मञ्जरी डेस्क
बागबजार, काठमाडौं ।

संस्करण : २०७३ फागुन (मञ्जरी पब्लिकेशनबाट पहिलो)

ISBN : 978-9937-9162-0-2

Buddhi-Vinod; By Kavi Shiromani Lekhnath Paudyal



१९४१ पुस २६ – २०२२ फागुन ७

# वक्तव्य

प्रिय ! वाचकवृन्द ! अघी मैले ७० सालमा भानुभक्तीय रामायण, विराटपर्व, भाषा पञ्चरत्न आदि किताबहरू भाका झिकी झिकी पढने नेपाली जनसमाजमा तर्कशक्तिको जागृति होस् भन्नाका निमित्त सानू बुद्धिविनोद नामक प्रश्नावली लेखेको थियें, त्यो ७३ सालमा निर्णय सागर प्रेस बम्बईमा छापिएर प्रकाश हुनासाथ नेपाली समाजले त्यसको ज्यादा चाह गऱ्यो, थोरै कालमा त्यो समाप्त पनि भो, कइएक विद्वान्हरूले तेसको उत्तर लेखने कष्ट पनि उठाए । मलाई नेपाली समाजको तर्कशक्तिमा जागृति पैदा भएको देखदा खुसी लाग्यो र मैले उही बुद्धिविनोदको जगमा-

कहाँ थियो वास ? तँ को ? म को थियें ?
प्रपञ्च के हो ? किन देह यो लियें ?
कहाँ छ जानू ? कुन साथ ली कन ?
तँलाइ मालुं छ कि ? यो कुरा मन ! ।।

भन्ने सप्तप्रश्नात्मक पहिला श्लोकका सातै प्रश्नका उपर पृथक् पृथक् विनोद खडा गरी प्रकाश गर्ने अभिप्रायले पहिला विनोद तयार गरी अरू विनोद लेखदै थियें, यस्तैमा ले० सूर्यबहादुरको प्रेरणाले सो पहिला विनोद साहित्यमालाको प्रथम पुष्पको स्वरूपमा १९९४ सालमा पनि प्रकाश गरें । तर त्यो पनि थोरै समयमा नै हातोहात गई समाप्त भएकोले हाल सो पहिला विनोद वाचक-वर्गको करकमलमा उपस्थित

गरेको छु । यसमा पाठकवर्गको अभिरुचि भयो भने अरू विनोद पनि चाँडै नै पाउनुहुनेछ ।

हुन ता अध्यात्मविद्याको निगूढतम सिद्धान्तसँग सम्बन्ध राखने यो सप्तप्रश्नात्मक विषयमा कलम बढाउनू म जस्तो सामान्य मानिसका निंति उपहासकै विषय हो, तथापि 'न भ: पतन्त्यात्मसमं पतत्रिण:' भन्ने उक्तिको अनुसार यत्किञ्चित् धृष्टता गरी मैले लेखेका सात विनोद-मध्येको कुनै विनोदको एक श्लोकले पनि अध्यात्मप्रेमी कुनै पाठकवर्गको यत्किञ्चित् बुद्धिविनोद गर्न शक्यो भने म आफनू तुच्छ विनोदको पूर्ण सार्थकता संझी

'सूक्तीनां प्रतिभानाञ्च मञ्जरीणाञ्च जृम्भितम
नवमेव मनोहारि नारीणामिव यौवनम् ।।'

भन्ने क्षेमेन्द्रको उक्तिअनुसार अरू लेख पनि पाठकवर्गका अगाडि उपस्थित गर्ने यत्न गर्नेछु इत्यलम् ।

विनीत

लेखनाथ

२००३ पौष १५ गते

श्री :

श्रीगौरीशङ्कराभ्यन्नमः

# बुद्धिविनोदको

## पहिला विनोद

कहाँ थियो वास ? तँ को ? म को थियें ?
प्रपञ्च के हो ? किन देह यो लियें ?
कहाँ छ जानू ? कुन साथ ली कन ?
तँलाइ मालुं छ कि ? यो कुरा मन ! ।।

१

बिसाइ कुंलो विषयाभिलाषको
विवेक गर्दा उस दिव्य वासको ।।
चमक्क चंक्यो बिजुली विलक्षण
तँलाइ मालुं छ कि ? यो कुरा मन ! ।।

२

मुसाफिरी सामल सल्ल पोखियो
उठाउने होस हवास रोकियो ।।
म हेर्न थालें असरल्ल भैकन
तँलाइ मालुं छ कि ? यो कुरा मन ! ।।

३

सफा सुरीलो स्वर-माधुरी भरी
घनक्क घन्क्यो फिर दिव्य बाँशुरी ।।
हुँदै-गयो भित्र अपूर्व रञ्जन
तँलाइ मालुं छ कि ? यो कुरा मन ! ।।
४

गल्यो पलामा अभिमानको मल
खुल्यो अनौठा-सित कान कोमल ।।
विचार लाग्यो स्वरमा रमाउन
तँलाइ मालुं छ कि ? यो कुरा मन ! ।।
५

मिले सबै इन्द्रिय टप्प कानमा
विलीन भो कान अखण्ड तानमा ।।
प्रफुल्ल भो जर्जर जीर्ण जीवन
तँलाइ मालुं छ कि ? यो कुरा मन ! ।।
६

जती मिहीं त्यो स्वर-माधुरी सुनें
उती उसैमा लबलीन झैं बनें ।।
रहेछ त्यस्तो कुन मोहनीपन ?
तँलाइ मालुं छ कि ? यो कुरा मन ! ।।
७

विशाल बंशी-स्वर-रूप सिन्धुमा
डुबेर जाँदा हरएक बिन्दुमा ।।
मिल्यो मलाई रसिलो रसायन
तँलाइ मालुं छ कि ? यो कुरा मन ! ।।

८

उपाधि सारा उसले हरी-दियो
नवीन आनन्द-सुधा भरी-दियो ।।
अपूर्व लाग्यो सव पूर्व जीवन
तँलाइ मालुं छ कि ? यो कुरा मन ! ।।

९

अपूर्व उल्लास, अपूर्व साहस,
अपूर्व त्यो शान्ति, अपूर्वता-वश ।।
तुरुन्त थालें उसमा म पौडन
तँलाइ मालुं छ कि ? यो कुरा मन ! ।।

१०

अपूर्व भावोदयमा रमाउँदै
पवित्र बंशी स्वर त्यो समाउँदै ।।
डुबें म भित्री तहमा अली छिन
तँलाइ मालुं छ कि ? यो कुरा मन ! ।।

११

कहाँ-कहाँबाट कठै !! तहाँ पनी
घुसेर काली कलना-पिशाचिनी ।।
मलाइ थाली फिर कुत्कुत्याउन
तँलाइ मालुं छ कि ? यो कुरा मन ! ।।
१२

पवित्र यस्तो स्वर-सिन्धुको धनी
कहाँ छ बंशीधर धन्य त्यो भनी ।।
म फेरि थालें सहसा तरङ्गिन
तँलाइ मालुं छ कि ? यो कुरा मन ! ।।
१३

न झट्ट बंशीधर टक्क भेटियो
न भेटको चाह चटक्क मेटियो ।।
विचार लाग्यो बिचमा बरालिन
तँलाइ मालुं छ कि ? यो कुरा मन ! ।।
१४

"नजा, नजा, जङ्गलमा नजा, नजा,
म भित्र छू, वाहिर छैन क्यै मजा" ।।
भनेर घन्क्यो फिर बाँशुरी घन
तँलाइ मालुं छ कि ? यो कुरा मन ! ।।
१५

पवित्र संकेत सुनेर त्यो सब
मलाइ लाग्यो बहुतै मुनासिब ।।
परन्तु तैंले गरिनस् विवेचन
तँलाइ मालुं छ कि ? यो कुरा मन ! ।।

१६

मजा तँलाई वनतर्फ दौडँदा
मलाई बंशी-स्वरभित्र पौडँदा ।।
बिभिन्न उल्टो पथ यो भयो किन
तँलाइ मालुं छ कि ? यो कुरा मन ! ।।

१७

यता त फर्की अगुवा म बन्दछू
अशान्तिका द्वार सबै म थुन्दछू ।।
हतारिदै व्यर्थ भतारिने किन ?
तँलाइ मालुं छ कि ? यो कुरा मन ! ।।

१८

अघी तँलाई अगुवा गरी भुली
प्रपञ्चका जङ्गलमा डुली डुली ।।
विपत्ति भोगें जुन त्यो म भुल्दिन
तँलाइ मालुं छ कि ? यो कुरा मन ! ।।

१९

चपाइ काचा कचिला तिता फल
मचाउँदै व्यर्थ कडा कचिङ्गल ।।
अघी पनि जन्म विते कडोरन
तँलाइ मालुं छ कि ? यो कुरा मन ! ।।
२०

अरण्य त्यो बाहिर मात्र रम्य छ
फसे पछी भित्र बडो अगम्य छ ।।
बिपत्ति पर्छन् त्यसमा हजारन
तँलाइ मालुं छ कि ? यो कुरा मन ! ।।
२१

कतै सदा कण्टक-जन्य सङ्कट
कतै लता-वेष्टित भोज झङ्कट ।।
जता दियो दृष्टि उतै त बन्धन
तँलाइ मालुं छ कि ? यो कुरा मन ! ।।
२२

विषालु विच्छीहरू छन् कतै खडा
कतै अरिङ्गालहरू बडा बडा ।।
सबै खनिन्छन् शिरमा प्रतिक्षण
तँलाइ मालुं छ कि ? यो कुरा मन ! ।।
२३

कतै हजारौं कमिला र बारुला
करालं बछ्यूँहरू छन् कतै ठुला ।।
सधैं छ चारैतिर चश्चसेपन
तँलाइ माालुं छ कि ? यो कुरा मन ! ।।

२४

कतै कडा, बाघ बनेल, भालु छन्
कतै खडा सर्प बडा विषालु छन् ।।
असाध्य गाह्रो छ बचेर निस्कन
तँलाइ मालुं छ कि ? यो कुरा मन ! ।।

२५

कठै ! कतै च्वात्त गरी चुचो धसी
लुछेर मासू रुखमा वसी वसी ।।
रमाउछन् गिद्ध र काग भीषण
तँलाइ मालुं छ कि ? यो कुरा मन ! ।।

२६

चुहाउँदै राल शृगाल हेर्दछन्
घुमेर ब्वाँसा भरिशक्य घेर्दछन् ।।
कतै कसैबाट शकिन्न उंकन
तँलाइ मालुं छ कि ? यो कुरा मन ! ।।

२७

मशान दुर्गन्धि कतै भयङ्कर
कतै खडा प्रेत पिशाचको डर ।।
कतै चिता जल्दछ घोर दन्दन
तँलाइ मालुं छ कि ? यो कुरा मन ! ।।
२८

बनेर त्यस्तो बनतर्फ लम्पट
पटक्क बिर्सी परिणाम सङ्कट ।।
छटाउने मोह-कटाहमा किन ?
तँलाइ मालुं छ कि ? यो कुरा मन ! ।।
२९

विशाल तृष्णामय दीर्घ जाल छ
स्वयं भिकारी बिकराल काल छ ।।
फसे पछी फेरि शकिन्न फुत्कन
तँलाइ मालुं छ कि ? यो कुरा मन ! ।।
३०

नयाँ-नयाँ भेष लिंदै बिसाउँदै
घडी बडो दङ्ग हुँदै घडी रुँदै ।।
अघी कती कल्प बिते घुमीकन
तँलाइ मालुं छ कि ? यो कुरा मन ! ।।
३१

सचेत यस्तो नरभेषमा पनि
अचेत पेटू पशु झैं बनी बनी ।।
रमाउने त्यो वनमा कठै !! किन !
तँलाइ मालुं छ कि ? यो कुरा मन ! ।।
३२

परेर कस्तो कसको दबावमा !
झरिस यस्ता प्रतिकूल भावमा ।।
भयेन केही यसको विवेचन
तँलाइ मालुं छ कि ? यो कुरा मन ! ।।
३३

अचार आफू अविचार-रोगको
विचार गर्ने अझ भाग्य-भोगको ।।
परेछ उल्टो कुन मोह-बन्धन
तँलाइ मालुं छ कि ? यो कुरा मन ! ।।
३४

कसेर काला पशुपाश अङ्गमा
लिंदै डुबुल्की तमका तरङ्गमा ।।
भरङ्गमा रङ्ग मनाउने कुन ?
तँलाइ मालुं छ कि ? यो कुरा मन ! ।।
३५

प्रपञ्चको दुस्तर कर्मचक्रमा
फसेर गर्दा गहिरो परिक्रमा ।।
छिया छिया हुन्छ अवश्य जीवन
तँलाइ मालुं छ कि ? यो कुरा मन ! ।।

३६

बढेर आयो भय मेघको घटा
फुका फिंजाऱ्यो तमले पनी लटा ।।
म देख्न छाडें रसिलो प्रभाकन
तँलाइ मालुं छ कि ? यो कुरा मन ! ।।

३७

न साथमा उज्ज्वल दिव्य दीप छ
न वास बस्ती बिचमा समीप छ ।।
हुँदो छ सम्पूर्ण भबिष्य भीषण
तँलाइ मालुं छ कि ? यो कुरा मन ! ।।

३८

अहो !! खुला द्वार समान नर्कको
परेछ कालो भुमरी बितर्कको ।।
रनक्क लाग्यो फिर कान रन्कन
तँलाइ मालुं छ कि ? यो कुरा मन ! ।।

३९

"न जा, नजा दुस्तर भासमा न जा,
म भित्र छू, बाहिर छैन क्यै मजा" ।।
भनेर बंशी बजदो छ पावन
तँलाइ मालुं छ कि ? यो कुरा मन ! ।।
४०

प्रपञ्च हो भास, कुवासना हिलो,
तँ त्यो हिलामाथि ठुलो तिखो किलो ।।
बिलम्ब होला अब के बिलाउन
तँलाइ मालुं छ कि ? यो कुरा मन ! ।।
४१

कुल, प्रतिष्ठा, गुण, मान, गौरव
ठुलो प्रपञ्चाऽऽत्मक भास हो सब ।।
शकिन्न सोझै यसबाट उत्रन
तँलाइ मालुं छ कि ? यो कुरा मन ! ।।
४२

शिला गलामा अभिमानको कसी
खुसी हुँदै दुस्तर भासमा फसी ।।
हिलो हुँडल्ने अब फेरि के लिन ?
तँलाइ मालुं छ कि ? यो कुरा मन ! ।।
४३

टिपेर सम्पत्ति-सरोजको फुल
शिंगारिने साहस हो ठुलो भुल ।।
धसिन्छ तेही भुलबाट जीवन
तँलाइ मालुं छ कि ? यो कुरा मन ! ।।
४४

बनी विबेकी भुमरो-बराबर
सुँघेर सम्पत्ति-सरोज सुन्दर ।।
सरक्क माथी न बतासिने किन ?
तँलाइ मालुं छ कि ? यो कुरा मन ! ।।
४५

प्रसून सम्पत्ति-सरोजको टिपी
टपक्क लिन्छू म भनी लिंडे-ढिपी ।।
गरेर गिर्छन् छिनमा कडोरन
तँलाइ मालुं छ कि ? यो कुरा मन ! ।।
४६

छँदैछ त्यो लाखन जन्मको हिलो
जरूर होला तन त्यो थिलो थिलो ।।
उँधो उँधो फेरि तँ भासिने किन ?
तँलाइ मालुं छ कि ? यो कुरा मन ! ।।
४७

गंभीर त्यो दल्दलबाट सुस्तरी
कदं उठाएर न भासिने गरी ।।
किनारमा लाउनुपर्छ जीवन
तँलाइ मालुं छ कि ? यो कुरा मन ! ।।

४८

जती गऱ्यो दल्दल माथि चल्बल
पुगिन्छ उत्ती पलमा रसातल ।।
बिनाशको चिह्न छ चल्बले-पन
तँलाइ मालुं छ कि ? यो कुरा मन ! ।।

४९

अघी कति दल्दलभित्र खेलिथिस् ?
रुँदै कती ब्याकुलता उकेलिथिस् ?
तँ फेरि थालिस् किन सल्सलाउन ?
तँलाइ मालुं छ कि ? यो कुरा मन ! ।।

५०

विवेक-गङ्गाजलको नगीचमा
प्रबाह हामी दुइको छ बीचमा ।।
वहाँ नुहा, सार्थ हुनेछ जीवन
तँलाइ मालुं छ कि ? यो कुरा मन ! ।।

५१

पवित्र गङ्गाजलमा बुडे पछी
कुवासना पङ्क सबै उडे पछी ।।
नभासिने भीति न भास भीषण,
तँलाइ मालुं छ कि ? यो कुरा मन ! ।।
५२

तँलाई छोडी न त टिक्न शक्तछू
न भासमा भासिनमा म रक्त छू ।।
तसर्थ गर्छू उपदेश पावन
तँलाइ मालुं छ कि ? यो कुरा मन ! ।।
५३

अहो ! अहो !! फेरि पनी भयो भुल
बनेछ बाङ्गो भुलकै धुले पुल ।।
असाध्य गाह्रो छ कठै !! सम्हालिन
तँलाइ मालुं छ कि ? यो कुरा मन ! ।।
५४

"नजा, नजा त्यो जडवादमा नजा,
म भित्र छू, बाहिर छैन क्यै मजा" ।।
भनेर घन्क्यो फिर बाँशुरी घन
तँलाइ मालुं छ कि ? यो कुरा मन ! ।।
५५

सुनेर यस्तो म भयें गुटूमुटू
परन्तु चस्क्यो फिर चश्चसी मुटू ।।
खुल्यो तुरुन्तै भय-भीत लोचन
तँलाइ मालुं छ कि ? यो कुरा मन ! ।।
५६

विशाल उत्ताल-तरङ्ग सागर
झलक्क देखें गहिरी भयङ्कर ।।
शरीर थाल्यो सब थर्थराउन
तँलाइ मालुं छ कि ? यो कुरा मन ! ।।
५७

न साँध-सीमा न त वार पार छ
गंभीरताको न कुनै किनार छ ।।
मडारिएको समतुल्ल भैकन
तँलाइ मालुं छ कि ? यो कुरा मन ! ।।
५८

अमर्त्य-गङ्गातिर बाहुली सरी
उठाउँदै दीर्घ तरङ्ग-माधुरी ।।
गरी-रहेको प्रणयाऽवलोकन
तँलाइ मालुं छ कि ? यो कुरा मन ! ।।
५९

बडा बडा भैरबका मुखै सरी
करात काला भुमरीहरू परी ।।
घुमी रहेका दिन रात फन्फन
तँलाइ मालुं छ कि ? यो कुरा मन ! ।।
६०

पहाड जत्रा अति उग्र चालका
अनन्त छल्का छतल्याङ्ग छालका ।।
छचल्किएका उसमा प्रतिक्षण
तँलाइ मालुं छ कि ? यो कुरा मन ! ।।
६१

विरोध झैं दुर्जनमा तिखा तिखा
अतर्क्य लाखौं वडवाऽग्निका शिखा ।।
बली रहेका उस भित्र दन्दन
तँलाइ मालुं छ कि ? यो कुरा मन ! ।।
६२

कतै कडा ग्राह-भुजङ्गको बल
कतै खडा दङ्गलमा तिमिङ्गल ।।
असङ्ख्य देखें जल-जन्तु भीषण
तँलाइ मालुं छ कि ? यो कुरा मन ! ।।
६३

्यता महासिन्धु महा भयावह
असाध्य नीलो नभको उता दह ।।
थियेन आधार, गुहार, सान्त्वन
तँलाइ मालुं छ कि ? यो कुरा मन ! ।।

६४

कठै !! म सानू तृण झैं बतासमा
भयें विपत्ता बिचरो अत्यासमा ।।
शकिन्न त्यो दुःख सबै बताउन
तँलाइ मालुं छ कि ? यो कुरा मन ! ।।

६५

कतै लडें, फूत्त कतै उचालियें
कतै गडें, हूत्त कतै म फालियें ।।
कतै म घुप्लुक्क भयें, अतालियें
कताकताबाट कतै पतालियें ! ।।

६६

उठेर ठाडै म कतै बतासियें
कतै गला बन्द भयो निसासियें ।।
कतै गरें घोर तरङ्ग लङ्घन
तँलाइ मालुं छ कि ? यो कुरा मन ! ।।

६७

कहाँ थियो वास ? कठै !! कहाँ झरें ?
कसो हुँदा भीषण सिन्धुमा परें ?
भनी म लागें फिर वास संझन
तँलाइ मालुं छ कि ? यो कुरा मन। ।।
६८

"नजा, नजा, त्यो परिपञ्चमा नजा,
म भित्र छू बाहिर छैन क्यै मजा" ।।
भनेर घन्क्यो फिर बाँशुरी घन
तँलाइ मालुं छ कि ? यो कुरा मन। ।।
६९

सुनेर यस्तो म फरक्क फर्कंदा
कुतर्कको तार मरक्क मर्कंदा ।।
झलक्क झल्क्यो चटकी अगंपन
तँलाइ मालुं छ कि ? यो कुरा मन ! ।।
७०

दुरन्त त्यो भास दुरन्त जङ्गल
दुरन्त त्यो सागर दुःख सङ्कुल
गडेर हेर्दा तँ सिवाय देखिन
तँलाइ मालुं छ कि ? यो कुरा मन ! ।।
७१

विचारको तार चढ्यो जती जती
मलाइ आश्चर्य बढ्यो उती उती ।।
न शक्तछ्रू तर्कन वा न फर्कन
तँलाइ मालुं छ कि ? यो कुरा मन ! ।।
७२

अखण्ड त्यो वास कहाँ महोज्ज्वल !
कहाँ भली-भण्ड समुद्र यो तल ।।
भयेछ कस्तो कुन उग्र भर्मन ?
तँलाइ मालुं छ कि ? यो कुरा मन ! ।।
७३

प्रकाशको केन्द्र महेन्द्र धामको
प्रणम्य, वासस्थल रम्य रामको ।।
स्वरूप-सिंहासन त्यो म भुल्दिन
तँलाइ मालुं छ कि ? यो कुरा मन ! ।।
७४

वहाँ न गाढा 'त म' को कुनै तम,
न मोह माया न विरोध विभ्रम ।।
न आश या त्रास, न भास, भर्मन
तँलाइ मालुं छ कि ? यो कुरा मन ! ।।
७५

न भेद विच्छेद न खेदको गति,
न दीर्घ सङ्कल्प विकल्प पद्धति ।।
न रूप, रेखा, न त राग, रञ्जन
तँलाइ मालुं छ कि ? यो कुरा मन ! ।।
७६

न कामको ठाम न नाम भेषको
न दाग देखिन्छ, दिशा र देशको ।।
अनन्य त्यो धन्य छ धाम पावन
तँलाइ मालुं छ कि ? यो कुरा मन ! ।।
७७

न भोग जञ्जाल, न जाल कालको
न शोग सुर्ता अरू गोलमालको
न मृत्यु-बाधा छ न पर्छ जन्मन
तँलाइ मालुं छ कि ? यो कुरा मन ! ।।
७८

न खास त्यो सूक्ष्म, न वा महत्तर
न विश्वको भित्र, न विश्व बाहिर ।।
बुझिन्न सोझै उसको अगंपन
तँलाइ मालुं छ कि ? यो कुरा मन ! ।।
७९

अनन्त तारा, ग्रह, सूर्य, चन्द्रमा
बनी उज्याला जसका प्रकाशमा ।।
घुमी रहेछन् अणु तुल्य भैकन
तँलाइ मालुं छ कि ? यो कुरा मन ! ।।

८०

प्रपञ्चभन्दा फरकै भए पनि
प्रपञ्चको जीवनभित्र जीवनी ।।
भरी रहेको छ बडो विलक्षण
तँलाइ मालुं छ कि ? यो कुरा मन ! ।।

८१

जती बढायो उस धाममा गम
उती सदा त्यो गमको छ दुर्गम ।।
हुँदैन कत्ती पनि चल्बलाउन
तँलाइ मालुं छ कि ? यो कुरा मन ! ।।

८२

झलक्क झल्को जसको जती जती
म पाउँछु, मुग्ध बनी उती उती ।।
खिंचिन्छ सोझै उसतर्फ जीवन
तँलाइ मालुं छ कि ? यो कुरा मन ! ।।

८३

अभाव हो वा अविकारि भाव हो,
स्वभाव, यद्वा विभुको प्रभाव हो ।।
गरूँ म कस्तो कसरी निरूपण
तँलाइ मालुं छ कि ? यो कुरा मन ! ।।
८४

फलाम झैं चुम्बकले निरन्तर
खिंचेर भित्री तहको सबै सुर ।।
लिंदो छ मेरो उसले प्रतिक्षण
तँलाइ मालुं छ कि ? यो कुरा मन ! ।।
८५

'कहाँ थियो वास ?' भनी अली गडी
विचार गर्दा बिचमा घडी घडी ।।
झुपूझुपू बन्द भयेछ लोचन
तँलाइ मालुं छ कि ? यो कुरा मन ! ।।
८६

'नजा, नजा, दुर्गम भावमा नजा,
मजा बुझी सात्विक शङ्ख यो बजा" ।।
भनेर घन्क्यो फिर बाँशुरी घन
तँलाइ मालुं छ कि ? यो कुरा मन ! ।।
८७

टुलुक्क हेर्दा बिउँझेर बीचमा
तँलाई मेरो बहुतै नगीचमा ।।
झलक्क देखें निमुखो अकिञ्चन
तँलाइ मालुं छ कि ? यो कुरा मन ! ।।
८८

मलाइ बंशी-स्वरले जगाउँदा
थुपुक्क मेरा तहमा तँ आउँदा
पलट्ट पल्टचो अधिको विवेचन
तँलाइ मालुं छ कि ? यो कुरा मन ! ।।
८९

बनी चनाखा, उस दिव्य वासमा
दिएर आँखा रसिलो प्रकाशमा ।।
विनोद गर्दा भव-भीति देखिन
तँलाइ मालुं छ कि ? यो कुरा मन ! ।।
९०

विवेक बंशी-स्वरको गरे पछि
मिठो अनासक्ति सुधा झरे पछी ।।
न रोग बाधा छ, न भोग भर्मन
तँलाइ मालुं छ कि ? यो कुरा मन ! ।।
९१

स्वरूप त्यो किन्तु सफा जहाँतक
झलक्क झल्कन्न पुरा वहाँतक ।।
न छुट्छ आसक्ति न फन्फनेपन
तँलाइ मालुं छ कि ? यो कुरा मन ! ।।
९२

लिएर आसक्ति भएर निर्घिनी
महेन्द्र-सिंहासनमा गए पनी ।।
उही छ औडाह उही छ भर्मन
तँलाइ मालुं छ कि ? यो कुरा मन ! ।।
९३

तसर्थ मेरा स्थिर दृष्टिकोणमा
पसी अनासक्ति सफा गरी जमा ।।
हुनेछ साह्रै झलमल्ल जीवन
तँलाइ मालुं छ कि ? यो कुरा मन ! ।।
९४

न पूर्ण आसक्ति भलो छ वास्तव
न पूर्ण कैवल्य तुरुन्त संभव !
अलिप्त गुप्ती हुनुपर्छ लोचन
तँलाइ मालुं छ कि ? यो कुरा मन ! ।।
९५

लिई सदा शीतल योग-चातुरी
गराउँदा इन्द्रियलाइ नोकरी ।।
विपत्तिको हुन्छ पुरा विसर्जन
तँलाइ मालुं छ कि ? यो कुरा मन ! ।।

९६

न शक्ति मेरो छ तँबाट छुट्टिने
न शक्ति तेरो म बिना उछिट्टिने ।।
प्रवृत्तिमा फेरि विभिन्नता किन ?
तँलाइ मालुं छ कि ? यो कुरा मन ! ।।

९७

वहाँ म हूला तँ बिना पनी थत
विनाश तेरो म बिना छ निश्चित ।।
तसर्थ चाहन्न म झट्ट छोडन
तँलाइ मालुं छ कि ? यो कुरा मन ! ।।

९८

तँ नाशिने विश्व-विनोद मासिने
म खास मैमा तँ बिना निसासिने ।।
लिनू छ के लाभ विभिन्न भैकन
तँलाइ मालुं छ कि ? यो कुरा मन ! ।।

९९

उसै, तँ छोडीकन छोडिने भये
तँलाइ छोडी सुख जोडिने भये ।।
स्वयं विधातातक भुल्दथे किन ?
तँलाइ मालुं छ कि ? यो कुरा मन । ।।
१००

अगाध चैतन्य समुद्रमा सदा
अनन्त यस्ता लहरी जुदा, जुदा ।।
अटूट चल्छन् तर छैन कम्पन
तँलाइ मालुं छ कि ? यो कुरा मन । ।।
१०१

तँ काखमा आ, म मिलाउँछु मुख
पिलाउँछु दिव्य अपूर्व चित्सुख ।।
यहाँ छ आनन्द अनन्त पावन
तँलाइ मालुं छ कि ? यो कुरा मन । ।।
१०२

मन–
म काखमा छु, म मिलाउँछु मुख
पिलाउ लौ दिव्य अपूर्व चित्सुख ।।
परन्तु यो याद गरे निवेदन
सहन्न मूर्छा कहिले पनी मन ।।
१०३

कविशिरोमणि लेखनाथ पौड्यालको उच्चबौद्धिकता प्रकट भएको कृति हो । वि.सं. १९७३ मा 'ऋतुविचार' सँगै लेखिएको यस कृतिमा स्रष्टाले मानवजीवनको सार्थकता खोज्न अभिप्रेरित गर्नुभएको छ ।

यसको भूमिकामा स्रष्टाले थप ६ वटा विनोद लेख्ने बाचा गर्नुभएको थियो । तर, पूरा हुन सकेन । वि.सं. १९९४ मा पहिलोपल्ट प्रकाशित यो पहिलो विनोद पनि पछिल्लो पुस्ताका पाठकका लागि अप्राप्य थियो ।

कविशिरोमणिको लोपोन्मूख कृतिलाई प्रकाशित गर्न पाउँदा हामी गौरवान्वित छौं ।

मञ्जरी
MANJARI PUBLICATION
Putalisadak, Kathmandu
manjaripublication@gmail.com

9 789937 916202

मूल्य रु. ५५/-